**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40 hrs** **Date: 24.06.2025**

**Governor-Prez**

राज्यपाल ओम प्रकाश माथुरले आज राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुसँग शिष्टाचार भेट गर्नुभयो। यस अवसरमा राज्यपालले सिक्किममा भइरहेका विभिन्न विकास कार्य अनि राजभवन र सिक्किमद्वारा गरिएका जन कल्याणकारी प्रयासहरूबारे राष्ट्रपतिलाई जानकारी गराउनुभयो। साथै, राज्यपालले राष्ट्रपतिलाई **"उत्कर्ष यात्रा"** शीर्षकको किताब पनि प्रदान गर्नुभयो। यो किताब सिक्किममा पदभार ग्रहण गरेको ६ महिनाका अवधिमा राज्यपालले गरेका प्रमुख काम, पहल र जनसम्पर्क अभियानहरूको विस्तृत विवरण हो।

**Governor-Shekhawat**

त्यसैगरी आज राज्यपाल श्री माथुरले नयाँ दिल्लीमा संस्कृति एवं पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतसँग पनि भेट गर्नुभयो। यस अवसरमा सिक्किमको समृद्ध सांस्कृतिक सम्पदा, जनजातीय परम्परा र प्राकृतिक सौन्दर्य अनि राज्यमा पर्यटन सम्भावनालाई अझ सुदृढ पार्ने विभिन्न पक्षमा छलफल भयो। बैठकमा **'रणभूमि दर्शन'** योजना अन्तर्गत सीमावर्ती क्षेत्रहरूमा सांस्कृतिक र सम्पदा आधारित पर्यटनलाई प्रवर्धन गर्ने सम्भावनाहरूबारे विशेष छलफल भएको छ।

**LA-Sitting**

एघारौँ सिक्किम विधान सभाको दोस्रो सत्र 30 जून, २०२५ मा गान्तोकस्थित सिक्किम विधानसभामा बस्ने तय भएको छ। विधानसभा अध्यक्ष मिङमा नोर्बु शेर्पाले ३० जून, बिहान ११:०० बजे गान्तोकस्थित विधानसभामा सदनको बैठक पुनः बोलाउन पाउँदा खुसी व्यक्त गर्नुभएको छ।

**Sahitya Parishad**

नेपाली साहित्य परिषदको आज बसेको सभाले २११ औँ भानुजयन्ती समारोह २०२५-लाई **'सिक्किमको स्वर्णजयन्ती: राष्ट्रको स्वर्णिम उपलब्धि'** विषयमा आयोजना गरिने निर्णय लिएको छ। यसको जानकारी परिषद्का प्रचार सचिव जोसेफ लेप्चाद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। सदाझैँ यस वर्ष पनि भानु उद्यान र मनन केन्द्रमा राज्यस्तरीय कार्यक्रम आयोजना गरिने तय गरिएको छ। सभाले समारोह समितिको मुख्य संरक्षकका रूपमा मुख्यमन्त्री प्रेमसिंह तामाङ, अध्यक्षका रूपमा मन्त्री पिन्छो नामग्याल लेप्चा, संरक्षकका रूपमा मन्त्रीहरू सोनाम लामा, अरुण उप्रेती, जीटी ढुङ्गेल, विधायकहरू दिले नामग्याल बर्फुङपा, कला राई र तेञ्जिङ लाम्टालाई मनोनीत गरेको छ। अध्यक्ष हरि ढुङ्गेललाई कार्यकारी अध्यक्ष र महासचिव नीलम न्यौपानेलाई महासचिव मनोनीत गरिएको छ। परिषदका अध्यक्ष हरि ढुङ्गेलले सिक्किमको राज्य स्थापनाको स्वर्णजयन्तीलाई केन्द्रित गरेर विभिन्न कार्यक्रम आयोजना गर्नुपर्ने कुरामा जोड दिनुभयो। यस अतिरिक्त शिष्टाचार भानु स्मारिका तथा निमन्त्रणा समिति पनि गठन गरिएको छ। सभाले यस वर्ष शोभायात्रामा सहभागी भईदिन सबैलाई आग्रह गर्नका साथै शोभायात्रामा सहभागिता प्रतिस्पर्धात्मक रूपमा नरहेको विज्ञप्तिमा जनाएको छ।

**Meeting-Drug abuse & burglary**

२७ गान्तोक निर्वाचन क्षेत्र अन्तर्गत लागुऔषध दुरुपयोग रोकथाम र चोरीसम्बन्धी समन्वय बैठक आज गान्तोकमा आयोजित गरियो। बैठक लागूऔषध दुरुपयोग र चोरी-डकैती सम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्नमा केन्द्रित थियो। छलफलमा लागूऔषध दुरुपयोग रोक्न रणनीतिहरूको विकास, लागुऔषध सम्बन्धी अपराधहरूका लागि दण्डको समीक्षा र प्रस्तावित हस्तक्षेपहरूको रूपरेखा प्रस्तुत गर्ने कार्य योजनाको तयारी समावेश थियो। सहभागीहरूले शैक्षिक प्रयास, जागरूकता पहल, सहयोग संयन्त्र र प्रभावित व्यक्तिहरूका लागि पुनर्वास केन्द्र र हेल्पलाइनहरूको स्थापनाबारे छलफल गरेका छन्।

**Gyalsing-JJGV**

१५ देखि ३० जून २०२५ सम्म जनजाति गौरव वर्ष मनाउने क्रममा, स्वास्थ्य तथा परिवार कल्याण विभाग अन्तर्गतको राज्य स्वास्थ्य एजेन्सीले २१ जून २०२५ मा धेरै जिल्लामा PMJAY कार्ड उत्पादन र जागरूकता शिविरहरू आयोजना गऱ्यो। यी शिविरहरूको उद्देश्य प्रधानमन्त्री जन आरोग्य योजनाबारे जागरूकता जगाउनु र जनजातीय समुदायका ज्येष्ठ नागरिकहरू लगायत योग्य लाभार्थीहरूका लागि आयुष्मान भारत स्वास्थ्य कार्डहरू स्थलमै निर्माण गर्नुलाई सहज बनाउनु रहेको थियो। यस कार्डले मानिसहरूलाई देशभरिका सरकारी र निजी अस्पतालहरूमा प्रति परिवार प्रतिवर्ष ५ लाखसम्मको क्यासलेस उपचार पाउन सक्षम बनाउँदछ।

**Pakyong-MSMES**

सूक्ष्म, लघु तथा मद्यम उद्यम मन्त्रालयको MSME कार्यसम्पादन बढाउने र गति दिने कार्यक्रम अन्तर्गत राज्य तथा केन्द्र सरकारका योजनाहरू सम्बन्धी एकदिने जागरूकता कार्यक्रम आज आहो याङताम जीपीयूमा आयोजित भयो। कार्यक्रममा आहो याङतामका जिल्ला पञ्चायत, सुरेन लिम्बूले उद्यमशीलतालाई बढावा दिने विविध योजनाहरूबारे सहभागीहरूलाई शिक्षित गरेकामा आयोजक विभागप्रति आभार व्यक्त गर्नुभयो र जीएम डी.आई.सी पाकिम जिग्मी वाङ्दीले **'एक परिवार, एक उद्यमी'** पहलबारे प्रकाश पार्नुभयो।